अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः ०६/०७८/०७९

अध्यक्षताः प्रमुख श्री हरिकुमार राना

मितिः२०७८/०६/१३

**उपस्थितिः**

| | | |
|---|---|---|
| प्रमुख | श्री हरिकुमार राना | उपस्थित |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | |
| वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | |
| वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | |
| कार्यपालिका सदस्य | श्री खिनमान दास | |
| कार्यपालिका सदस्य | श्री दिलमाया दास | उपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | |
| कार्यपालिका सदस्य | श्री रमेशकुमार दर्जी | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | उपस्थित |
| कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | उपस्थित |
| प्रमुख प्रशासकीय अधिकृत | श्री अम्बिका प्रसाद चौलागाईं | उपस्थित |

आमन्त्रित

| | | |
|---|---|---|
| बुद्धशान्ति गा.पा. अध्यक्ष | श्री रमेशकुमार भुजेल | उपस्थित |
| ईञ्जिनियर, बुद्धशान्ति गा.पा. | श्री विक्रम दाहाल | उपस्थित |
| अधिकृत , अर्जुनधारा न.पा. | श्री डेनजनी आचार्य | उपस्थित |
| अ.सव ईञ्जिनियर, अर्जुनधारा | श्री छविरमण पोखरेल | उपस्थित |
| सहायक, अर्जुनधारा न पा | श्री सौजन कटुवाल | उपस्थित |

अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७८/०६/१३ गतेको बैठकबाट निम्न बमोजिम निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

१. अघिल्लो कार्यपालिकाको बैठकको निर्णय तथा सोको कार्यान्वयनका सम्बन्धमा समिक्षात्मक छलफल गरियो ।

२. अर्जुनधारा नगरपालिकाको नदीजन्य पदार्थ उत्खनन, संकलन तथा विक्री सम्बन्धि आय संकलनको ठेक्का नं AM/IR/10/078/79 को लागि मिति २०७८/०६/०४ गतेको नगर कार्यपालिकाको बैठकबाट स्वीकृत कर्म कन्स्ट्रक्सन प्रा.लि. बौद्धबाट रु ८,९७,२२,०००/- (आठ करोड सन्तानब्बे लाख बाइस हजार मात्र) कबोल गरी पेश भएको ठेक्का स्वीकृत गरी उक्त फर्मलाई ७ दिन भित्र कबोल रकमको ४० प्रतिशत नगद जम्मा गरी बाँकी ६० प्रतिशत रकम बराबरको बैंक जमानत सहित सम्झौता गर्न आउन कार्यालयबाट पत्राचार गरिएकोमा उक्त फर्मले नगद जम्मा गर्नु पर्ने कबोल रकमको ४० प्रतिशत रकम ३,१७,६०,०००/-(तिन करोड सत्र लाख साठी हजार भ्याट बाहेक) मध्ये १,७५,००,०००/- (एक करोड पचहत्तर लाख मात्र ) र आय कर बापत रु ४७६४००/-(चार लाख छयहत्तर लाख चार सय मात्र) रकम बैंक जम्मा गरी बाँकी ६० प्रतिशतले हुन आउने रु ५,३८,३३,२००/- बराबरको कृषि विकास बैंक, जोरपाटी शाखाको पि.बि.१०८/००२९/४९९३/२१ को मिति २०७८/०६/१२ गतेको २०७९/०३/३२ सम्म म्याद भएको कार्य सम्पादन जमानत पेश गरी बाँकी रकम जम्मा गर्न ३ दिनको समय मागी मिति २०७८/०६/१२ गते दिनको ४:२४ मा दिनु भएको निवेदनको सम्बन्धमा छलफल हुँदा यस अर्जुनधारा नगरपालिकाको नदीजन्य पदार्थ उत्खनन, संकलन तथा विक्रीबाट विविध कारणले विगत २ वर्षबाट निर्धारित राजश्व संकलन हुन नसकी नगरपालिका लगायत राज्यकै आयको ठूलो हिस्सा गुमिरहेको अवस्थामा निवेदकको उक्त ठेक्का बदर गरी अर्को प्रक्रियामा जाँदा थप समय लाग्न सक्ने र नगरपालिकाका लगायत तिनै तहको सरकारको आन्तरिक आय र राजश्वको ठूलो हिस्सा पुनः गुम्न जाने देखिएकाले उक्त फर्मलाई एक पटक र अन्तिम पटकका लागि बाँकी रकम जम्मा गर्न मिति २०७८/०६/१५ गते दिनको १ बजे सम्मको समय उपलब्ध गराउने निर्णय गरियो ।उक्त अवधिमा समेत तोकिए बमोजिम रकम जम्मा गरी ठेक्का सम्झौता नगरेमा उक्त फर्मको धरौटी जफत गरी कालोसूचीमा राख्नका लागि सिफारिस गर्न र दोश्रो सूचिमा रहेको फर्मलाई सम्झौताका लागि सूचना गर्ने निर्णय गरियो ।

३. नगरपालिकाको विभिन्न आयोजनाहरुको सम्बन्धमा संघीय मन्त्रालयहरुमा छलफल तथा अन्य कामकाजका लागि नगर प्रमुखज्यूको मिति २०७८/०६/१३ गतेदेखि २०७८/०६/१७ गतेसम्मको काठमाडौं भ्रमण स्वीकृत गर्ने निर्णय गरियो ।

४. यस नगरपालकाको चालु आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत बजेट अन्तर्गत मर्मत सम्भार कोष र सम्बन्धित वडाको मर्मत सम्भार शीर्षकमा विनियोजित बजेटबाट निम्न बमोजिम आयोजनामा रकम विनियोजन गर्ने निर्णय गरियो ।

क. मंगलमणी स्मृति भवन, अर्जुनधारा -८, मर्मत सम्भार रु ६ लाख ।

ख. पूर्ण स्मृति भवन, अर्जुनधारा-७, मर्मत सम्भार रु ४ लाख ।

५. अर्जुनधारा नगरपालिका अन्तर्गतका विभिन्न विद्यालयमा गत आर्थिक वर्ष २०७७/०७८ मा बजेट विनियोजन भई चालु आर्थिक वर्षको दायित्वमा अ.ल्या. गरिएका विभिन्न योजनाहरुको अनुगमन गर्दा प्राप्त भएको मूल्याङ्कन बमोजिम ती योजनाहरुको कार्यालयबाट रनिङ बिल अनुसारको भुक्तानी गर्ने निर्णय गरियो ।

६. यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत योजनाहरु कार्यान्वयन गर्ने सन्दर्भमा ठेक्का बन्दोवस्त हुँदा उक्त योजनाका लागि विनियोजित रकम भन्दा न्यून अंकमा ठेक्का कबोल भई बाँकी हुन आउने रकमबाट सोही योजना विस्तार गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

७. अर्जुनधारा नगरपालिकाको सामाजिक विकास समिति र आर्थिक विकास समितिको प्रतिवेदन उपर बैठकमा छलफल गरियो । प्रतिवेदनमा उल्लेख भएका सुझावहरुलाई कार्यान्वयनमा लैजान कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

८. चालु आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षमा खरिद गर्नुपर्ने सबै जिन्सी सामाग्रीहरुको विवरण संकलन गरी सबै जिन्सी सामाग्रीहरु कार्यालयबाट एकमुष्ठ रुपमा ठेक्का बन्दोवस्त गरी खरिद गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

९. नेसनल प्रोग्राम सेण्टरबाट प्राप्त प्रस्ताव बमोजिम यस नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, विभिन्न संघसंस्थाका प्रतिनिधि तथा शनिश्चरे माध्यमिक विद्यालय, अर्जुनधारा-८ मा मनोचिकित्सा सम्बन्धि तालिम तथा परामर्श कार्यक्रम सञ्चालनका विद्यालयमा सञ्चालन गर्न रु ८ लाख र अन्य पक्षलाई कार्यक्रम सञ्चालन गर्न रु ५० हजार उपलब्ध गराउने गरी प्रचलित कानून बमोजिम रु ८ लाख ५० हजारमा नबढाई सम्झौता गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

१०. अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्ष २०७८/०७९ को लागि स्वीकृत बजेट तथा कार्यक्रमको वडा नं १० को कार्यक्रम अन्तर्गत जेष्ठ नागरिक मिलन केन्द्रका लागि रु ५ लाख विनियोजन भएकोमा उक्त योजनाको शीर्षक अपुरो/अस्पष्ट देखिएकाले वडा समितिको मिति २०७८/०६/११ को निर्णयानुसार प्राप्त सिफारिस बमोजिम उक्त शीर्षकलाई जेष्ठ नागरिक मिलन केन्द्र उत्तर सेतीपानी जाने सडक ग्राभल कायम गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।